## सुन्ने ठाउँ छैन कमलरीको पीडा

*वर्ष १७ की सीता चौधरी बुटवल बजारमा ओझा थरका एक 'मालिक' कहाँ कमलरी बसेकी थिइन । एक दिन मालिकले नै यौन दुर्व्यवहार गर्ने नियतले समाते । उनी चिच्याइन् । मानिस जम्मा भए । त्यसपछि ओझाको घरका परिवार मिलेर उनलाई 'सकुशल' फिर्ता पठाइयो ।*

*यिनलाई दाङ्को सोहनपुरस्थित आफ्नै घरमा त पुऱ्याइयो तर ओझालाई कारबाही गर्ने कुरासमेत कसैले उठाएन । यो हल्ला सुनेर भीडमा सामेल हुने सबैको भनाइ थियो– 'ए कमलरीलाई पो रैछ' मानौं, कमलरी त्यसैका लागि जन्म लिएका हुन ।*

*भनेको नमान्दा धेरै पटक साहूले कुटेको कमलरी गीताकुमारी चौधरीको भनाइ छ । बालाजुमा २ वर्ष, नारायणपुर, दाङ्मा २ वर्ष र दाङ्कै गोब्रीमा १ वर्ष तथा घोराहीमा १ वर्ष गरी ६ वर्ष कमलरी बसिसकेकी गीता आफूमाथि निकै तल्लो व्यवहार गरिने बताउँछिन् ।*

*उनका अनुसार मालिकका परिवारले राम्रो खाना खान्थे भने आफूलाईचाहिँ कनिकाको छुट्टै भात पकाएर दिइन्थ्यो । त्यसैगरी अन्य खानेकुरा र व्यवहार सबैमा फरक गरिन्थ्यो । तर खान नपाए पनि मालिकका परिवारले खाने सरसामानको सबै बन्दोवस्त भने आफैं मिलाइदिनुपर्ने उनी बताउँछिन् । उमेर सानै भएकाले भनिएको काम नमान्दा कुटाइ खाएको घटना पनि उनका लागि ताजै छन् ।*





अभिभावकबीचको दलालले केही सय रुपैयाँ लिएर कुरो मिलाइदिन्छ ।

असहाय नानीहरुको साथी नामक संस्थाले दाङका केही गाविसमा गरेको एक सर्वेक्षणअनुसार २८ जना कमलरीले विनापैसा काम गरिरहेका छन् । प्रतिवेदनअनुसार एक गाविसबाट १ सय १४ जनासम्म कमलरी बस्न गएका छन् । यो प्रतिवेदनले कमलरी बस्नेमध्ये २८.५ प्रतिशत आफ्नो जिल्लाबाहिर बस्न गएको देखाउँछ ।

जसले काम गर्ने हो, उसलाई पारिश्रमिकसमेत थाहा नदिइ पठाउनु र उसको हातमा एक पैसा पनि नपर्नुले थारुका कमलरी बस्ने छोरीहरु अन्यायमा परेका छन् । वर्षमा एक दुई जोर सामान्य कपडा पाउने यिनीहरुले खाना पनि प्रायः छुट्टै पाउँछन् । खासगरी कनिका कमलरीका लागि छुट्याइन्छ । घरका परिवारले खाने मीठो सामाग्री तयार पार्नमा प्रमुख हात यिनीहरुकै हुन्छ भने आफूचाहिँ सबैले खाइसकेपछि छुट्टै पकाइएको कनिकाको भात खाएर चित्त बुझाउन यिनीहरु बाध्य हुन्छन् ।

सबै कुरामा कमलरीलाई तल्लो दर्जाको व्यवहार गरिन्छ । कमलरी सुत्ने ठाउँ भऱ्याङमुनि बनाइएको हुन्छ । यिनीहरुमाथि केही अन्याय भयो, छिमेकीले दुर्व्यवहार गऱ्यो, घरकै कुनै सदस्यले केही अपमान गऱ्यो भने त्यसको सुनुवाइ हुने ठाउँ नै छैन । जेसुकै घटना भए पनि सहेर बस्नुको विकल्प यिनीहरुसँग छैन । हुन त प्रशासनिक निकाय नजिकै पनि कमलरी बसेका छन् । तर त्यस्ता निकायसम्म पुग्न सकियो भने न्याय पाउन सकिन्छ भन्ने जानकारी उनीहरुलाई हुन्न, यस्तै जानकारीसमेत नभएकाले उनीहरु कमलरी बस्न पुगेका हुन ।

## कसरी राखिन्छ कमलरी ?

कमलरी राख्ने चलन पनि गजबको छ । कमैया राख्ने चलन जस्तै हरेक माघीमा कमलरी राख्ने निर्णय हुन्छ । माघे संक्रान्तिका केही दिन कमलरीले मुक्ति पाउँछन् । माघी भनिने यो चाड थारु समुदायमा धूमधामसँग मानिन्छ । यतिबेला उनीहरु आ-आफ्ना घर आएका हुन्छन् चाड मान्न । चाड मानिसकेपछि उनीहरु पुरानो साहूकहाँ नजान पनि सक्छन् ।

यतिबेला नै को साहूले कसकी छोरी कतिमा र कुन शर्तमा कमलरी राख्न लैजाने हो भन्ने कुराकानी शुरु हुन्छ । प्रायः दलालको मध्यस्थतामा र कहीँ कहीँ सिधै बाबुआमासँग कमलरी राख्न चाहनेले कुराकानी चलाउँछन् ।

